20 February 2025

National News

<u>मुख्य समाचार</u>

- राष्ट्रिय जनतान्त्रिक गठबन्धनका मुख्यमन्त्री र उपमुख्यमन्त्रीहरूसित प्रधानमन्त्रीले गर्नुभयो बैठक
- शपथ ग्रहणपछि दिल्लीकी मुख्यमन्त्री सुश्री रेखा गुप्ताले सम्हाल्नुभयो कार्यभार
- भोटानका प्रधानमन्त्री श्री छिरिङ तोब्गे तीन दिवसीय भारत भ्रमणमा
- नागरिक उड्डयन मन्त्रीले शुभारम्भ गर्नुभयो पाइलटहरूका लागि इलेक्ट्रोनिक कार्मिक लाइसेन्स
- केन्द्र सरकारले शुरु गऱ्यो गैर-संक्रामक रोग स्क्रीनिङ अभियान
- आईसीसी च्याम्पियन्स ट्रफी क्रिकेटमा बंगलादेशले भारतलाई दियो 229 रनको लक्ष्य,
- इन्डियन सुपर लिग फुटबलमा अहिले मोहम्डन स्पोर्टिङ क्लब र जमसेदपुरको भिडन्त हुँदै

<u>प्रधानमन्त्री-एनडीए मुख्यमन्त्री बैठक</u>

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा राष्ट्रिय जनतान्त्रिक गठबन्धन-एनडीएका मुख्यमन्त्री र उपमुख्यमन्त्रीहरूको बैठकको अध्यक्षता गर्नुभयो। यस बैठकमा केन्द्रीय मन्त्रीहरू श्री अमित शाह, श्री राजनाथ सिंह अनि श्री जेपी नड्डा पनि उपस्थित हुनुहुन्थ्यो। बैठकमा महाराष्ट्रका मुख्यमन्त्री श्री देवेन्द्र फडणवीस अनि उपमुख्यमन्त्री श्री एकनाथ शिन्दे र श्री अजित पवार, अन्ध्र प्रदेशका मुख्यमन्त्री श्री चन्द्रबाबु नायडू र उपमुख्यमन्त्री श्री पवन कल्याण, ओडिशाका मुख्यमन्त्री श्री मोहन चरण माझी, मध्य प्रदेशका मुख्यमन्त्री श्री मोहन यादव, राजस्थानका मुख्यमन्त्री श्री भजनलाल शर्मा, दिल्लीकी मुख्यमन्त्री सुश्री रेखा गुप्ता, उत्तर प्रदेशका उपमुख्यमन्त्री श्री केशव प्रसाद मौर्य, बिहारका उपमुख्यमन्त्री श्री विजय सिन्हा लगायत धेरै नेताहरू उपस्थित हुनुहुन्थ्यो।

<u>दिल्ली शपथ ग्रहण</u>

दिल्लीकी मुख्यमन्त्री सुश्री रेखा गुप्ताले आज दिल्ली सचिवालयमा पदभार ग्रहण गर्नुभयो। उहाँलाई मुख्य सचिव श्री धर्मेंद्र कुमार र अन्य वरिष्ठ अधिकारीहरूले स्वागत गर्नुभएको थियो। पदभार ग्रहण गरेपछि सञ्चारकर्मीसँग कुरा गर्दै सुश्री गुप्ताले भन्नुभयो, दिल्ली सरकारले विकसित दिल्लीको अभियानतर्फ निरन्तर काम गर्नेछ।

यस भन्दाअघि, भारतीय जनता पार्टीकी पहिलो पटक विधायक बन्नुभएकी सुश्री रेखा गुप्ताले आज रामलीला मैदानमा दिल्लीकी मुख्यमन्त्रीको रूपमा शपथ ग्रहण गर्नुभयो। उपराज्यपाल श्री विनय कुमार सक्सेनाले उहाँलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराउनु भयो। मुख्यमन्त्रीसँगै छ जना क्याबिनेट मन्त्रीहरू – श्री परवेश साहिब सिंह, श्री आशिष सूद, श्री मनजिन्दर सिंह सिरसा, श्री रविन्द्र इन्दराज सिंह, श्री कपिल मिश्र अनि श्री  पङ्कज कुमार सिंहले पनि शपथ ग्रहण गर्नुभयो।

यस अवसरमा प्रधानमन्त्री श्री नरेन्द्र मोदी, गृहमन्त्री श्री अमित शाह, रक्षामन्त्री श्री राजनाथ सिंह र अन्य केन्द्रीय मन्त्रीहरूलगायत धेरै राज्यका मुख्यमन्त्री र उपमुख्यमन्त्रीहरू उपस्थित हुनुहुन्थ्यो।

सुश्री रेखा गुप्ता भाजपाकी सुषमा स्वराज, कंग्रेसकी शीला दीक्षित र आम आदमी पार्टीकी सुश्री आतिशी पछि दिल्लीकी चौथो महिला मुख्यमन्त्री र भाजपाकी दोस्रो महिला मुख्यमन्त्री बन्नुभएको छ।

<u>प्रधानमन्त्री – दिल्ली मुख्यमन्त्री</u>

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले सुश्री रेखा गुप्तालाई दिल्लीकी मुख्यमन्त्रीको रूपमा शपथ ग्रहण गर्नुभएकोमा बधाई दिनुभएको छ।  श्री मोदीले सुश्री रेखा गुप्तालाई तृणमूलस्तरबाट उठेर आएकी जनप्रिय नेता बताउनु भएको छ।

<u>भुटान प्रधानमन्त्रीको भ्रमण</u>

भुटानका प्रधानमन्त्री श्री छिरिङ तोब्गे तीन दिवसीय भारत भ्रमणमा आज नयाँ दिल्ली आइपुग्नुभयो। श्री तोब्गेले प्रधानमन्त्री श्री नरेन्द्र मोदीसँग भेटवार्ता गर्नुहुनेछ। उहाँले भोलि सियोल लिडरशिप कन्क्लेभमा मुख्य वक्ताको रूपमा भाग लिनुहुनेछ। विदेश मन्त्रालयले यो भ्रमणले भारत र भुटानबीचको मित्रता र सहयोगको अद्वितीय र दिगो सम्बन्धलाई अझ बलियो बनाउने बताएको छ।

गृहमन्त्री-पूर्वोत्तर

गृहमन्त्री श्री अमित शाहले भन्नुभएको छ, २०१४ देखियता पूर्वोत्तरका लगभग साँढे दस हजार युवाहरूले आफ्नो हतियार समर्पण गरेका छन् र मुख्यधारामा सामेल भएका छन्। नयाँ दिल्लीमा पूर्वोत्तर समाज कल्याण संघको सहकार्यमा आसाम राइफल्सद्वारा आयोजित एकता उत्सव  कार्यक्रमलाई सम्बोधन गर्दै गृहमन्त्रीले यस्तो विचार साझा गर्नुभएको हो। श्री शाहले भन्नुभयो, प्रधानमन्त्री श्री नरेन्द्र मोदीले अष्टलक्ष्मीको रूपमा स्थापित गरेर सम्पूर्ण भारतमा पूर्वोत्तरको पहिचानलाई नयाँ आयाम दिनुभएको छ।

पाइलट-ईपीएल

नागरिक उड्डयन मन्त्री श्री के. राममोहन नायडूले आज नयाँ दिल्लीमा पाइलटहरूका लागि इलेक्ट्रोनिक कार्मिक लाइसेन्स- EPL को शुभारम्भ गर्नुभयो। इलेक्ट्रोनिक कार्मिक लाइसेन्सले पाइलटहरूको लागि लाइसेन्स र नवीकरण प्रक्रियालाई सरल बनाउनेछ। श्री नायडूले भन्नुभयो, भारत पाइलटहरूको लागि EPL लागू गर्ने विश्वको दोस्रो देश बनेको छ। उहाँले भन्नुभयो, EPL ले पाइलटहरूको लागि लाइसेन्स प्रमाणपत्रहरूमा वास्तविक-समय पहुँच सुनिश्चित गर्नेछ।

रक्षा-रेडियो

भारतीय तटरक्षक बलका लागि १४९ वटा सफ्टवेयर परिभाषित रेडियो खरिदका लागि रक्षा मन्त्रालयले आज नयाँ दिल्लीमा भारत इलेक्ट्रोनिक्स लिमिटेडसँग १ हजार २२० करोड रुपियाँभन्दा धेरैको सम्झौतामा हस्ताक्षर गरेको छ। मन्त्रालयले भनेको छ, यी अत्याधुनिक रेडियोहरूले सुरक्षित र भरपर्दो जानकारी साझेदारी, उच्च-गति डेटा मार्फत सहकार्य र सुरक्षित आवाज सञ्चार सुनिश्चित गर्नेछ।

यसले समुद्री प्रवर्तन कानून, खोज र उद्धार कार्य, मत्स्य पालन संरक्षण र समुद्री वातावरण संरक्षण लगायतका मुख्य जिम्मेवारीहरू पूरा गर्न तटरक्षक बलको क्षमतालाई पनि बलियो बनाउनेछ। यस सम्झौताको उद्देश्य आत्मनिर्भर भारत पहल अनुरूप देशको उत्पादन क्षमता बढाउनु, रोजगारीका अवसरहरू सिर्जना गर्नु र विशेषज्ञता विकासलाई प्रोत्साहित गर्नु रहेको छ।

## भारत-बंगलादेश सीमा सम्मेलन

भारत-बंगलादेश सीमा समन्वय सम्मेलनको ५५ औं निर्देशक स्तरीय सम्मेलन आज दिल्लीमा सम्पन्न भयो। सम्मेलनको क्रममा दुई देशबीच सीमापार अपराध, तस्करी, सीमामा बार लगाउने र अन्य विषयमा विस्तृत छलफल भएको थियो।

## केन्द्र-एनसीडी अभियान

केन्द्रले आजदेखि एक विशेष गैर-संक्रामक रोग (एनसीडी) स्क्रीनिङ अभियान सुरु गरेको छ। यो अभियानले ३० वर्ष र सोभन्दा माथिका सबै व्यक्तिहरूको पूर्ण जाँच गर्ने लक्ष्य राखेको छ।

केन्द्रीय स्वास्थ्य मन्त्रालयले यो पहलको उद्देश्य सबै व्यक्तिहरूलाई मधुमेह, उच्च रक्तचाप, र तीन सामान्य क्यान्सर - मुख, स्तन र पाठेघरको क्यान्सर जस्ता सामान्य नसर्ने रोगहरूको लागि जाँच गरिने बताएको छ। यो अभियानको उद्देश्य नसर्ने रोगहरूको समयमै पहिचान र उचित उपचार सुनिश्चित गर्नु रहेको छ।

## जयशंकर - दक्षिण अफ्रिका

जी-२० विदेशमन्त्रीहरूको बैठकमा भाग लिन विदेशमन्त्री डा. एस. जयशंकर दक्षिण अफ्रिकाको जोहानेसबर्गमा हुनुहुन्छ। बैठकमा डा. जयशंकरको सहभागिताले G-20 देशहरूसँग भारतको संलग्नतालाई बलियो बनाउनका साथै यस महत्त्वपूर्ण प्लेटफर्ममा ग्लोबल साउथको आवाजलाई बलियो बनाउनेछ।

विदेशमन्त्रीहरूको बैठकका अतिरिक्त डा. जयशंकरले ब्राजिलका विदेशमन्त्री श्री माउरो भिएरासित भेट गर्नुभयो। दुवै नेताबीच द्विपक्षीय सम्बन्ध र वैश्विक विकासका बारेमा छलफल भएको थियो। डा. जयशंकरले सिंगापुरका विदेशमन्त्री श्री भिभियन बालकृष्णनसित पनि भेट गर्नुभयो। भेटघाटका क्रममा दुवै नेताले वैश्विक अवस्था र द्विपक्षीय सम्बन्धलाई अगाडि बढाउने पहलहरूबारे छलफल गर्नुभयो।

आइसीसी भारत बंगलादेश क्रिकेट

आईसीसी च्याम्पियन्स ट्रफी क्रिकेटमा अहिले दुबई अन्तर्राष्ट्रिय स्टेडियममा जारी समूह ए को खेलमा बंगलादेशले भारतलाई जितका लागि 229 रनको लक्ष्य दिएको छ।

बंगलादेशले टस जितेर पहिला ब्याटिङ गर्दै 228 रन बनायो। ताजा समाचार अनुसार लक्ष्यलाई पछ्याउँदै भारतले 6 ओवरमा 35 रन बनाएर खेलिरहेको थियो।

हिजो भएको खेलमा न्युजिल्याण्डले पाकिस्तानलाई 60 रनले पराजित गरेको थियो।

इन्डियन सुपर लिग

इन्डियन सुपर लिग फूटबलमा अहिले कोलकातामा मोहम्डन स्पोर्टिङ क्लब र जमसेदपुरको भिडन्त शुरु भएको छ। प्रतियोगितामा हिजो भएको खेलमा हैदराबाद र मुम्बई सिटीको खेल गोलरहित बराबरीमा टुङ्गिएको थियो।